# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः२०७९।०३।२०

## भाग- १

**हेटौंडा उपमहानगरपालिकाको तल लेखिए बमोजिमको निर्णय सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### नगरसभाको ११ औं अधिवेशनको २०७९ असार २० गतेका निर्णयहरु

**निर्णय नं. १**
आर्थिक बर्ष २०७९/०८० मा उपमहानगरपालिकाबाट लगाउने सेवा शूल्क, कर, दस्तुर उठाउने लगायत अर्थ सम्बन्धी प्रस्तावलाई स्वीकृत गर्न वनेको अर्थ विद्येयक,२०७९ स्वीकृत गरियो ।

**निर्णय नं. २**
हेटौंडा उपमहनगरपालिकाको कार्यालयको आगामी आर्थिक वर्ष २०७९/०८० को विनियोजन सम्बन्धी प्रस्तावलाई स्वीकृत गर्न बनेको विनियोजन विद्येयक, २०७९ स्वीकृत गरियो ।

**निर्णय नं. ३**
आर्थिक वर्ष २०७९/०८० को लागि हेटौंडा उपमहानगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित रु. २ अर्ब ७१ करोड ७९ लाख ७२ हजार ८ सय २० रुपैया बराबरको आय-व्यय बजेट स्वीकृत गरियो ।

**निर्णय नं. ४**

हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ लाई खारेजी गर्न तथा सो ऐन बमोजिम भए गरेका केहि कामकारबाहीको बचाउ गर्न बनेको विद्येयक, २०७९ स्वीकृत गरियो ।

**निर्णय नं. ५**

हेटौंडा उपमहानगरपालिका कार्यालयमा स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धी ऐनमा भएको व्यवस्था तथा समायोजन भई कार्यरत कर्मचारीहरुको नपुग तलब लगायत विभिन्न शिर्षकमा रकम थपघट संसोधन गर्न आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिम संशोधन स्वीकृत गरियो ।

**निर्णय नं. ६**

चालु आर्थिक वर्ष २०७८/०७९ मा स्वीकृत भई २०७९ जेठ मसान्तसम्म उपमहानगरपालिका र वडा कार्यालयहरुबाट सम्पन्न/फरफारक भएका योजना तथा कार्यक्रमहरु अनुमोदन गरियो ।

**निर्णय नं. ७**

हेटौंडा उपमहानगरपालिकाको कार्यालयबाट स्वीकृत विभिन्न योजना तथा कार्यक्रम सञ्चालन हुन नसकी वडा कार्यालयको सिफारिस बमोजिम योजना परिवर्तनका लागि कार्यापालिकाको वैठकबाट भएका निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं. ८**

चालु आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक श्रोत अन्तर्गतका नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये विभिन्न कारणबाट सम्झौता हुन नसकेका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि लागत अनुमान स्वीकृत गरी २०७९ पौष मसान्तसम्म म्याद कायम गर्ने तथा सम्झौता भई सम्पन्न नभएका योजना तथा कार्यक्रमहरु अनुमोदन गरियो ।

**निर्णय नं. ९**

आ.व. २०७८।०७९ मा विभिन्न वडाकार्यालयबाट आयोजना सञ्चालन गर्ने क्रममा चालु शिर्षकको रकम पूजीगत शिर्षकमा खर्च भएको भुक्तानी सम्बन्धमा भएको नगर कार्यपालिकाको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं. १०**

हेटौंडा उपमहानगरपालिकाबाट गत आर्थिक वर्षमा स्वीकृत कार्यालयका स्थायी, करार तथा दैनिक ज्यालादारी कर्मचारीहरुको थप प्रोत्साहन सुविधा यथावत कायम राख्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

हेटौंडा उपमहानगरपालिकाको न्यायिक समितिमा हेटौंडा ५ बस्ने श्री ज्ञान बहादुर थापा र हेटौंडा ७ बस्ने सानुमाया पाख्रीनलाई सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

चालु आ.व. २०७८/०७९ मा अवकास प्राप्त कर्मचारीहरुको कर्मचारी कल्याण कोषबाट भुक्तानी भएको उपदान, विदा तथा औषधी उपचारको खर्च रकम अनुमोदन गरियो ।

**निर्णय नं. १३**

चालु आ.व.२०७८/०७८ मा भौतिक पूर्वाधार तर्फ विनियोजन एक मुष्ठ रकमबाट वडाहरुमा लागत साझेदारीमा योजना सम्पन्न गर्ने गरी नगर प्रमुखबाट तोक आदेश भएका

योजनाहरुको कार्यपालिका मार्फत निर्णय भई नगरसभाबाट अनुमोदन गराउने गरी सम्पन्न भएका तथा संचालन प्रक्रियामा रहिरहेका योजनाहरुलाई अनुमोदन गरियो ।

**निर्णय नं. १४**

कार्यपालिका तथा नगर सभाबाट निर्णय हुनु पर्ने वा अनुमोदन हुनु पर्ने विषयमा नगर कार्यपालिकाको कार्यालय तथा नगर प्रमुखबाट स्वीकृत भई प्रक्रिया अगाडि बढाइएका तथा सम्पन्न भएका कार्यहरुलाई अनुमोदन गरियो ।

**निर्णय नं. १५**

नगर सभा हुनु भन्दा अगाडि नगर सभाबाट स्वीृकत भई गर्नु पर्ने कार्यहरु सम्पन्न गर्नको लागि नगर सभाको अधिकार नगर कार्यपालिकाबाट प्रयोग गर्ने गरी नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. १६**

हेटौंडा उपमहानगपालिकामा आन्तरिक लेखा परीक्षक अधिकृत र सहायक पाचौंको १/१ दरवन्दी स्वीकृत गर्ने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. १७**

नगर प्रमुख र उपप्रमुखलाई आवश्यक संख्यामा सल्लाहकार, विज्ञ र स्वकीय सचिब राख्ने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. १८**

आर्थिक वर्ष २०७८/०७९ मा न्यायिक समितिबाट भए गरेको कार्यहरुको प्रतिवेदन अनुमोदन गरियो ।

**निर्णय नं. १९**

हेटौंडा उपमहानगरपालिकामा कार्यालयमा दैनिक कार्य चापको आधारमा चालु आर्थिक वर्षमा कामकाज गर्ने गरी करार तथा दैनिक ज्यालादारीमा काममा लगाइएका ब्यक्तिहरुको विभिन्न मितिमा जारी कार्यादेशहरु अनुमोदन गरियो ।

**निर्णय नं. २०**

हेटौंडा उपमहानगरपालिका कार्यालयमा रहेको अन्तरवार्ता तथा सूचिकरण समिति (छनौट तथा सिफारिस समिति) बाट विभिन्न मितिमा भए गरेका छनौट सम्बन्धी कार्य अनुमोदन गरियो ।

**निर्णय नं. २१**

चालु आर्थिक वर्ष २०७८/०७९ मा अवकाश प्राप्त कर्मचारीहरुको कर्मचारी कल्याण कोषबाट भुक्तानी भएका उपदान, विदा तथा औषधी उपचार खर्चको रकम अनुमोदन गरियो ।

**निर्णय नं. २२**

चालु आर्थिक वर्ष २०७८/०७९ मा भौतिक पूर्वाधार लगायत अन्य विभिन्न शिर्षकमा विनियोजन एकमुष्ट रकमबाट वडाहरुमा लागत साझेदारीमा योजना सम्पन्न गर्ने गरी नगर प्रमुख स्तरीय निर्णयबाट कार्यान्वयन भएका योजनाहरु अनुमोदन गरियो ।

**निर्णय नं. २३**

नगर कार्यपालिका तथा नगरसभाबाट निर्णय हुनुपर्ने वा अनुमोदन हुनु पर्ने विषयमा नगर कार्यापालिकाको कार्यालय तथा नगर प्रमुखबाट स्वीकृत भई प्रक्रिया अगाडि बढाइएका तथा सम्पन्न भएका कार्यहरुलाई अनुमोदन गरियो ।

हेटौंडा राजपत्र

**निर्णय नं. २४**

चालु आर्थिक वर्ष २०७८/०७९ मा स्वीकृत भई कार्यादेश, खरिद आदेश तथा सम्झौता भएका र २०७९ साल आषाढ मसान्तसम्म भुक्तानी हुन नसकेका कार्यक्रमहरुको भुक्तानी दिन बाँकीको कच्चाबारी तयार गरी आगामी आर्थिक वर्षमा भुक्तानी दिने गरी जिम्मेवारी सार्ने साथै आगामी वर्ष भुक्तानी दिन बाँकी कार्यक्रम तथा आयोजनाका लागि रकम विनियोजन गरी जिम्मेवारी सार्ने यसरी दायित्व र जिम्मेवारी सरेका कार्यक्रम तथा योजनाहरुको रकम विनियोजित रकम भन्दा बढी हुन गएमा २०७९ आषाढ मसान्तसम्म भुक्तानी भई आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने कूल रकम एकिन गरी बाँकीको कच्चावारी तयार गरी मौज्दात रकमबाट कूल बाँकी कच्चाबारी समेतको आधारमा कार्यक्रम तथा आयोजनालाई भुक्तानी दिन तथा थप कार्यक्रम स्वीकृत गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. २५**

आर्थिक वर्ष २०७९/०८० को लागि नेपाल सरकारले बृद्धि गरेको राष्ट्र सेवक कर्मचारीहरुको नयाँ तलबमान कार्यान्वयन गर्ने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. २६**

हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गरियो ।

**निर्णय नं. २७**

हेटौडा उपमहानगरपालिकामा सेवा करार तथा दैनिक ज्यालादारीमा कामकाजमा लगाइएका कर्मचारीहरुको सेवा निरन्तरता सम्बन्धमा कार्यालयको कामको चाप, आवश्यकता, औचित्य र सम्बन्धित कर्मचारीको कार्य सम्पादन मूल्यांकनको आधारमा नगर कार्यपालिकाको कार्यालयले आवश्यक निर्णय गरी कर्मचारी परिचालन एवम् व्यवस्थापन गर्ने प्रस्ताव स्वीकृत गरियो ।

**निर्णय नं. २८**

हेटौंडा उपमहानगरपालिकाको संगठन तथा ब्यवस्थापन (O&M) गर्ने र सो नहुन्जेलसम्म वैकल्पिक व्यवस्थाबाट उपमहानगरपालिका, वडा कार्यालय तथा सेवा केन्द्रहरुमा कर्मचारी व्यवस्थापन/परिचालन गर्ने प्रस्ताव स्वीकृत गरियो ।

**आज्ञाले,**
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा